स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
साप्ताहिक
वर्ष ११ , अंक १०, २०८१ असोज ८ मंगलवार (Jhuleni Post Weekly 24 SEP. 2024) पृष्ठ ८, मुल्य रु. २०

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-८, बिजुवार
Email :
jhulenipyuthan@gmail.com

## लुम्बिनीमा मन्त्रिपरिषदले पूर्णता पाएन






**झुलेनी पोष्ट**
प्यूठान

कांग्रेसमा मन्त्री छान्ने विषयमा विवाद हुँदा लुम्बिनीमा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको छ । कांग्रेसको भागमा रहेको दुई कोटामा मन्त्री छान्न ढिलाइ हुँदा त्यसको असर सरकार विस्तारमा पनि परेको हो ।

१२ सदस्यीय मन्त्रिमण्डल हुने लुम्बिनी सरकारमा एमालेले ५, कांग्रेसले ५ र बाँकी मन्त्रालय साना दलले पाउने सहमति भएको थियो । त्यही सहमतिअनुसार गत साउन ७ मा मुख्यमन्त्रीमा एमालेका चेतनारायण आचार्य नियुक्त भएका थिए ।

साउन ९ मा उनले एमालेबाट ४ र कांग्रेसबाट ४ मन्त्री नियुक्त गरेका थिए । तर, वन तथा वातावरणमन्त्रीमा नियुक्त बादशाह कुर्मीले राजीनामा दिएपछि सरकारमा अहिले कांग्रेसका ३ मन्त्री छन् । बाँके ३ (२) बाट निर्वाचित कुर्मी बाँकेकी निर्मला कुर्मीको शंकास्पद मृत्यु र सम्पत्ति हिनामिना प्रकरणका मुख्य आरोपित हुन् । अनुसन्धान नै प्रभावित गराउने गरी उनलाई सांसद र मन्त्री बनाइएको भन्दै महिला अधिकारकर्मीहरू आन्दोलित भएका थिए । चौतर्फी दबाब र विरोधपछि उनले गत भदौ २५ मा पदबाट राजीनामा दिएका थिए । मुख्यमन्त्री आचार्यले अहिले कुर्मीले राजीनामा दिएको मन्त्रालय छाडेर मन्त्रिपरिषद् विस्तारको तयारी थालेका छन् ।

कांग्रेसभित्र विवाद पनि बढेकाले कुर्मीले राजीनामा दिएको बताउँदै कांग्रेस लुम्बिनी प्रदेश समितिका एक पदाधिकारीले मन्त्री पद खाली राखेर मन्त्रिपरिषद विस्तार गर्नेबारे कांग्रेसभित्र छलफल भएको जानकारी दिए । कुर्मीले २ महिनाको समय माग्नुभएको त्यो बीचमा उनीमाथि लागेका आरोपको निरूपण भएका उनीनै मन्त्री बन्ने दाउमा छन् ।

कुर्मीले राजीनामा दिएपछि लुम्बिनी सरकारमा कांग्रेसबाट महिला मन्त्री बनाउनुपर्ने दबाब लुम्बिनीमा कांग्रेस महिला सांसदहरूले दिएका छन् । त्यसको नेतृत्व कांग्रेस प्रदेशसभा सदस्य एवं सचेतक निमा गिरीले गरेकी छन् । महिला मन्त्री बनाउनुपर्ने दबाब अभियानमा लागेपछि उनले भदौ ३१ मा कांग्रेस सचेतक पदबाट राजीनामा दिएकी छन् ।

लुम्बिनीमा कांग्रेसबाट ९ महिला सांसद छन् । कांग्रेसबाट लुम्बिनी प्रदेशमा अहिलेसम्म एक जना महिला मन्त्री नबनेकाले अब सिफारिस गर्ने क्रममा अनिवार्य महिला हुनुपर्ने उनीहरूको दाबी छ । प्रदेशसभा सदस्य गिरीले आफूहरूले मुख्यमन्त्री आचार्य, कांग्रेस संसदीय दलका नेता डिल्ली चौधरी र कांग्रेस लुम्बिनीलाई समेत महिला मन्त्री बनाउन दबाब दिइरहेको

बाँकी ७ पेजमा...

## निर्माणाधिन करोडका पुल वर्षौंदेखि अलपत्र



**शशिधर भण्डारी**
प्यूठान,

जिल्लाका विभिन्न स्थानमा निर्माणाधिन पक्किपुल निर्माण व्यवसायिको लापर्बाहीले गर्दा वर्षौंदेखि अलपत्र परेका छन् । सर्वसाधारणका लागि नदीले दिएको सांस्ती हटाउन निर्माण थालिएका पुल समयमै निर्माण सम्पन्न नहुँदा स्थानीले सास्ती वेहोर्न परेको छ ।स्वर्गद्धारी नगरपालिका ५ सारी, स्वर्गद्धारी ३ जलुके र ऐरावती ५ झिबाङमा निर्माणाधिन पक्किपुल निर्माण व्यबसायीका कारण वेवारीसे बनेका हुन् । नियामक निकायको नियमित अनुगमन र निर्माण व्यवसायीको लापर्बाहीका कारण पुल निर्माण समयमै सम्पन्न हुन सकेका छैनन् । बजेट परेर पनि समयमै पुल निर्माण सम्पन्न नहुँदा सास्ति भैरहेको स्थानीयको गुनासो छ ।

रोल्पाको सुनिलस्मृति-२ खुङ्ग्री देखि स्वर्गद्वारी नगरपालिका-५ सारी जोड्ने माडि नदिको पुल, स्वर्गद्वारी नगरपालिका-३ देखि ७ नल्सी जोड्ने माडी नदीको पुल र ऐरावती गाउँपालिका-५ झिवाङ देखि ढुइवाङ जोड्ने झिमरुक नदीमा पुलका केहि भौतिक पूर्वाधार निर्माण गरेर अलपत्र अवस्थामा छाडिएको छ । यी पुलहरु २०७४ अघि निर्माण थालिएका हुन् । सडक डिभिजन कार्यालय प्यूठानका अनुसार जलुके र नल्सी जोड्ने पक्की पुल ७५ प्रतिशत र अन्य दुई पुलको ३६ प्रतिशत भौतिक संरचना निर्माण गरिएको छ । निर्माण व्यवसायीको ढिलासुस्तीका कारण पुल निर्माणमा ढिलाई भएको सडक डिभिजन कार्यालय जस्पुरका सूचना अधिकारी इञ्जिनियर राजेन्द्र कार्कीले बताए ।'ठेक्का पर्दा दिएका डिजाइन परिवर्तन गर्न खोज्ने, सामग्री तथा ढुवानी समस्या देखाएर काम रोकिएको पाइएको छ' कार्कीले भने,'निर्माण व्यवसायीको ढिलासुस्ती नै प्रमुख कारक हो ।'

बाँकी ७ पेजमा...

### हाम्रो नजर

## नेपाल टेलिकमले दियो अस्पतालमा सामाग्री




नेपाल टेलिकमले संविधान दिवसको अवसरमा प्यूठान अस्पताललाई सामाग्री सहयोग गरेको छ। टेलिकमको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) कार्यक्रम अन्तरगत बेड (बेड कम चियर) सहयोग गरेको नेपाल टेलिकम तुलसीपुरका प्रमुख सन्तोष शर्माले बताए। टेलिकमले प्यूठान अस्पतालमा १० वटा बेड कम चियर हस्तान्तरण गरेको हो । अस्पतालमा आउने बिरामी तथा कुरुवाहरूलाई बास बस्न सहजताका लागि बेड सहयोग गरेको प्रमुख शर्माको भनाई छ ।

प्यूठान अस्पताल विकास समितिका अध्यक्ष विजय बिराज विष्टले नेपाल टेलिकमले गरेको सहयोग महत्त्वपूर्ण रहेको भन्दै सहयोगका निम्ति धन्यवाद दिए । प्यूठान नगरपालिकाका मेयर विष्णु बहादुर योगीको प्रमुख आथित्यता रहेको कार्यक्रममा अतिथिहरू प्यूठान नगरपालिकाका उपमेयर देवेन्द्र वर्मा, नगरपालिकाका प्रवक्ता सुमनराज श्रेष्ठ, प्यूठान अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट राजेन्द्र पौडेल, नेपाल टेलिकम केन्द्रीय कार्यालयका व्यापार अधिकृत कृष्ण प्रसाद पौडेल, दूरसञ्चार कार्यालय बिजुवारका कार्यालय प्रमुख निरञ्जन श्रेष्ठ लगायतको उपस्थित रहेको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल टेलिकमका सहायक व्यापार अधिकृत वेद प्रसाद पौडेलले गरेका थिए भने स्वागत मन्तव्य प्यूठान अस्पतालका चिकित्सक आमिर काफ्लेले राखेका थिए ।

त्यस्तै नेपाल टेलिकमले शारदा माध्यमिक विद्यालय प्यूठान नगरपालिका ३ सापडाँडालाई पनि सामाग्री सहयोग गरेको छ । टेलिकमको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) कार्यक्रम अन्तरगत सेनिटरी प्याड बनाउन मिल्ने भेन्डिङ मेसिन सहयोग गरेको नेपाल टेलिकम तुलसीपुरका प्रमुख सन्तोष शर्माले बताए । टेलिकमले विद्यालयमा अध्ययनरत छात्राहरुलाई पुग्ने गरी बनाउन मिल्ने मेसिन हस्तान्तरण गरेको हो । विद्यालयमा पढ्न आउने विद्यार्थी छात्राहरुको सहजताको लागि मेसिन सहयोग गरेको प्रमुख शर्माको भनाई छ ।

## जनहितमा जारी

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको ,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको ,
- खेतियोग्य जमिनमा सिँचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**

- जलाधार क्षेत्रको संरक्षण गरौं ,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं ,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वधार निर्माण गरौं ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं ,
- द्रुत जल प्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं । दिगो विकासमा योगदान गरौं ।

**जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय ,प्यूठान**

झुलेनी पोष्ट
सम्पादकीय....

# अलपत्र पुललाई पूर्णता देउ

प्यूठान जिल्लाका विभिन्न ठाउँमा करोडौ खर्चेर निर्माण सुरु गरिएका पक्किपुलहरु अलपत्र अवस्थामा छन् । निर्माणधिन अवस्थामै पुलहरु अलपत्र हुँदा आम नागरिकककको दैनिकिमा प्रत्यक्ष असर परेको छ भने राज्यले करोडौँ लगानी गरेका संरचनाहरु प्रयोग विहिन र अलपत्र भएका छन् ।

स्वर्गद्धारी नगरपालिका ५ सारी, स्वर्गद्धारी ३ जलुके र ऐरावती ५ झिबाङमा निर्माणाधिन पक्किपुल निर्माण व्यबसायीका लापरवाहि र सम्बन्धित निकायको बेवास्ताका कारण बेवारीसे बनेका हुन् ।

२०७४ अघि निर्माण थालिएका रोल्पाको सुनिलस्मृति-२ खुङ्ग्री देखि स्वर्गद्वारी नगरपालिका-५ सारी जोड्ने माडि नदिको पुलमा डिजाइनको समस्या देखिएको भन्दै निर्माण व्यवसायीले काम रोकेका छन् । स्वर्गद्वारी नगरपालिका-३ देखि ७ नल्सी जोड्ने माडी नदीको पुलको ७५ प्रतिशत काम सकिएकोमा भुक्तानी ७६ प्रतिशत भएको छ ।

३ वर्षमा निर्माण सक्ने लक्ष्यसहित २०७३ बैशाख ६ मा ठेक्का लागेको यो पुल निर्माणको लागि पटक पटक म्याद थपिएको छ । ऐरावती गाउँपालिका-५ झिवाङ देखि ढुइवाङ जोड्ने झिमरुक नदीको २०७४ पौष १४ मा काम शुरु गरिएकोमा ७ वर्षमा ३६ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । यो पुलको पनि डिजाइनमै समस्या देखिएको भनिएको छ ।

ठेकेदारको लापरवाही, नियामक निकायको बेवास्ता, निर्माण सामाग्रीको अभाव, निर्माण व्यवसायीको ढिलासुस्ती, कम बजेट, ईस्टिमेटको समस्या जस्ता कारण जिल्लाका पुलहरु अलपत्र पर्दा आम नागरिकको जनजीवनमा असहजता भएको छ । भने, स्थानीय उत्पादनको पैठारी, आवश्यक वस्तुको निकासी तथा नियमित र अत्यावश्यक यातायातमा समेत हरेक दिन नागरिकले समस्या भोल्नु परेको छ। यसवाट आम नागरिकमा व्यवस्थाप्रति नै निरासा र आलोचनाको भाव उत्पन्न भएको छ ।

सरकारका संरचनाले सहि समयमा काम नगर्दा र गराउन नसक्दा नागरिकमा आएको निराशा झन् वढ्दो दरमा छ । यो समस्या न्युनिकरणका लागि सरोकारवाला सवै पक्षले अलपत्र अवस्थाका संरचनाहरु यथासक्य छिटो सम्पन्न गर्नतर्फ गम्भिरतापूर्वक ध्यान दिनु पर्दछ ।

# हाम्रो अपेक्षाको नयाँ राजनीति

**राजनीतिमा प्राधिकार स्थापित हुन नेता वा कर्मचारीको बोलीप्रति आम नागरिकले विश्वास गर्ने वातावरण बन्नुपर्दछ । त्यो विश्वास कसरी सिर्जना गर्न सकिन्छ, नयाँ राजनीतिको प्रधान प्रश्न बन्नुपर्दछ ।**



डा. सन्जिब हमागाई

राजनीति के होबाट सुरु गरौं। सन् १९९२ को अमेरिकी राष्ट्रपति निर्वाचनमा बिल क्लिन्टन क्याम्पका गुरु मानिएका कार्भिलले 'राजनीति ! यो सब अर्थतन्त्र हो, पागल' भन्ने शब्दावली प्रयोग गरेका थिए र यो धेरै नै प्रचलित पनि भएको थियो।

यसले आर्थिक विकास गर्नु नै राजनीति गर्नु हो भन्ने भाष्यलाई स्थापित गर्न मद्दत गर्‍यो। सन् २००६-०७ को विश्व आर्थिक मन्दी र त्यसको लामो प्रभाव, कोभिड-१९, जलवायु परिवर्तन जस्ता समस्याहरूले चलायमान अर्थतन्त्र प्रायः सबै देशको राजनीतिको अतुलनीय प्रमुख राजनीतिक मुद्दा बनेको छ।

नेपाल पनि त्यसको अपवाद बन्न सकेन। यहाँ अलि फरक छ भने नीति, योजना, कार्यान्वयन, अनुगमन र सोही चक्रमा आधारित भएर नीति र योजनाको पुनः तर्जुमा, कार्यान्वयन र अनुगमन चक्रको अभ्यासभन्दा पनि गफ, घोषणा, निर्देशन, परिपत्र र अस्पष्ट विरोधहरू हाबी छन्।

नीति योजनालाई कागजको घोडा मान्ने र सबै समस्याको समाधान नेता र उच्च-पदस्थ कर्मचारीहरूको दिमागबाट फ्याट्ट-फ्याट्ट आउने दैवीय क्षमता भएका महान् शासकहरूले भरिएको देशमा छौं हामी।

फेरि राजनीतिमा नै जाऔं। जरुर अर्थतन्त्र राजनीतिलाई व्याख्या गर्ने अपरिहार्य शब्द हो। राजनीतिशास्त्र र परराष्ट्र सम्बन्धका आधुनिक सिद्धान्तको जननी मानिएको कौटिल्य कृतिको नाम राजनीतिशास्त्र नभएर अर्थशास्त्र राखिएको थियो। प्राचीन ग्रीसमा सार्वजनिक जीवन र व्यक्तिगत जीवनलाई छुट्याइएको थियो । सार्वजनिक जीवन अन्तर्गत नागरिकहरूको गुजारा सम्बन्धी क्षेत्रमा गरिने कामलाई पोलिटिका वा राजनीति भन्ने गरिन्थ्यो। यसमा सहभागी हुने व्यक्तिहरूले आफैंले अवलम्बन गर्ने कानुन वा विधि तर्जुमा गरे जुन कालान्तरमा लोकतन्त्रको आधार बन्यो।

यसरी हेर्दा आधारभूत रूपमा राजनीति भनेको सार्वजनिक जीवनमा आबद्ध नागरिकहरूले आम नागरिकको हितको लागि छलफल र संवादबाट आवश्यक नीति र नियम निर्माण गर्ने, त्यसको कार्यान्वयनको व्यवस्था गर्दै जाने गतिविधि हो। स्वाभाविक रूपमा शक्तिको बाँडफाँड त्यसको केन्द्रमा हुने नै भयो।

राजनीतिलाई दार्शनिकहरूले विविध कोणबाट व्याख्या गरेका छन्। एरिस्टोटलले राजनीतिलाई व्याख्या गर्दा मानिसको चरित्रलाई ध्यान दिएका छन् र भनेका छन्– मानिस एक राजनीतिक जनावर हो। मानिस आफैंमा पूर्ण हुँदैन र सामाजिक सम्बन्धबाट मात्र पूर्णता पाउँछ। आम नागरिकहरूलाई खुशी बनाउनु नै राजनीतिको प्रधान विषय हुनुपर्दछ भन्ने उनको धारणा रहेको छ।

अधिकार माग गरेर वा लडेर लिने विषय हो भने प्राधिकार आफ्नै मन-मस्तिष्कबाट कुनै व्यक्ति वा संस्थाको विचार वा व्यवहारप्रति सिर्जना हुने विश्वास वा सम्मान हो।

म्याक्स वेबरले राजनीतिलाई अति नै सरल तरिकाले परिभाषित गर्दै भनेका छन्– राजनीति भनेको शक्ति र नियन्त्रणको वितरण हो। डेभिड इस्टोनका लागि राजनीति भनेको मूल्य र प्राधिकारको वितरण हो। सारमा राजनीति भनेको शक्ति र प्राधिकारको वितरणको विधि हो। र, यसको सन्तुलनको राजनीतिलाई हामी असल राजनीति भन्न सक्छौं।

वर्तमान नेपाली राजनीतिमा शक्ति छ। जरुर त्यसको वितरणमा जटिल समस्याहरू छन्। यद्यपि सरकार र सत्ता हाँकिरहेका नेता, उच्च पदस्थ कर्मचारी एवं दलका नेताहरूसँग कागजमा लेखिएको शक्ति छ। आवश्यक पर्दा परिपत्र वा सर्कुलर जारी गरेर पनि थप शक्ति सिर्जना गर्छन्।

तर राष्ट्र र राजनीति हाँक्ने प्राधिकार गुमाउँदै गएका छन्। यो नै आजको हाम्रो देशको सबैभन्दा ठूलो समस्या हो। शक्ति र प्राधिकार सन्तुलनको राजनीति नै हाम्रो परिकल्पनाको नयाँ राजनीति हो।

नेपालको राजनीतिक बहसमा शक्तिको बारेमा धेरै छलफल, चिन्तन गरे पनि प्राधिकार वा अथोरिटीले अझै पनि खासै स्थान प्राप्त गर्न सकेको छैन। प्रायः अथोरिटीलाई अधिकार भनेर अनुवाद वा प्रयोग गरेको पनि देखिन्छ। तर अधिकारले मात्रै अंग्रेजी शब्द अथोरिटीको भावलाई पूर्णता दिन सक्दैन।

अधिकार माग गरेर वा लडेर लिने विषय हो भने प्राधिकार आफ्नै मन-मस्तिष्कबाट कुनै व्यक्ति वा संस्थाको विचार वा व्यवहारप्रति सिर्जना हुने विश्वास वा सम्मान हो। अवश्य पनि, यसले नागरिकहरूको व्यवहार र सम्बन्धमा प्रभाव पार्दछ।

झट्ट सुन्दा उस्तै सुनिए पनि शक्ति र प्राधिकारमा धेरै भिन्नता छ। सँगसँगै दुई शब्द एकअर्कासँग परिपूरक पनि छन्। जहाँ शक्ति छ त्यहाँ मात्र प्राधिकारको परिकल्पना गर्न सकिन्छ र शक्ति वा प्राधिकारको छलफल एउटा सभ्य समाजलाई आधार मानेर मात्र गर्न सकिन्छ।

शक्ति भन्नाले अरूको भावना वा विचारको पर्वाह नगरी आफूले सोचे अनुरूप व्यवहार गर्न लगाउन सक्ने क्षमता हो। तर यस्तो शक्तिले वैधता प्राप्त गर्न प्राधिकार आवश्यक पर्दछ। प्राधिकार चाहिं सरोकारवालाहरूको सहमतिमा सिर्जना हुन्छ।

शक्ति व्यक्तिमा मात्रै अन्तरनिहित हुन सक्छ तर प्राधिकार सामाजिक एवं राजनीतिक सम्बन्धमा सिर्जना हुन्छ। जहाँ आफूसँग शक्ति भएका व्यक्ति वा संस्थाले शक्तिको निर्मम प्रयोग नगर्दा पनि आफूले चाहेको नतिजा निकाल्न सक्ने प्रतिष्ठा राख्छन्।

यहाँ सरोकारवालाहरू स्वस्फूर्त रूपमा व्यवहार गर्छन्। जस्तै, हामी सडक बत्ती नभएको चोकहरूमा ट्राफिक प्रहरीको हातको इशारालाई हेर्दै सवारी चलाउने वा आवतजावत गर्ने गर्छौं। त्यसको लागि ट्राफिक प्रहरीले काँधमा बन्दुक बोक्नु वा हवाई फायर गर्नुपर्दैन।

बाँकी ६ पेजमा...


## नियमित रूपमा आँखाको जाँच गराऔं

**आँखा सम्बन्धी समस्या भएका आँखाका बिरामीहरूले बेलैमा आँखाको परीक्षण गराऔं। साथै सबैले समय समयमा आफ्नो आँखाको जाँच गराई आँखाको समस्याबाट बचौं ।**






**स्थानीय तहहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरूको निःशुल्क आँखा परीक्षण समेत गरिरहेकोले ज्येष्ठ नागरिकहरूले आफ्नो नागरिकताको फोटोकपी लिएर निःशुल्क रूपमा सेवा लिन नभुलौं। आँखा धमिलो देखिने र मोतीबिन्दु भएका बिरामीहरूले चेक जाँच गरेर विभिन्न समयमा हुने शिविरमा शल्यक्रिया सेवा पनि प्रदान गरिनेछ ।**

**लक्ष्मी मल्ल ठकुरी**
**प्रमुख**

**आँखा उपचार केन्द्र एवं प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवार, प्यूठान**

# भूमेस्थान मन्दिर, खैराकोट



प्यूठान जिल्लाका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदाको चर्चा गर्दा खैराकोटमा रहेको भूमेस्थान मन्दिरलाई पनि स्मरण गर्नु अनिवार्य हुन्छ। हाल यो मन्दिर मल्लरानी गाउँपालिकामा पर्दछ। खैराकोटको कोटघर रहेको ठाउँदेखि पश्चिमतर्फ यो प्रसिद्ध मन्दिर रहेको छ।

मन्दिरका देवतालाई स्थानीयहरू भूमे देवता भन्दछन् र उनलाई क्षेत्रपालको नामले पनि सम्बोधन गर्दछन् । भूमे देवता प्रक्तिपूजक धर्मसँग सम्बन्धित रहेका छन् । संगठित धर्मको प्रभाव नपरेका क्षेत्रमा जमिन र सीमसार क्षेत्रलाई सीमे भूमे देवता मानेर पूजा गर्ने आम प्रचलन रहेको छ। त्यसैले यहाँका भूमे देवता पनि जमिन वा भूमिका देवता हुन्। हिन्दुधर्मसँग प्रत्यक्ष सम्बन्ध नरहेका यी देवता स्थानीय प्रक्तिपुजक धर्मसँग सम्बन्धित देखिन्छन् । यहाँको मानव बस्तीको रक्षक देवता भन्ने अर्थमा उनलाई स्थानीय बासिन्दाहरूले क्षेत्रपाल भनेको हुनुपर्दछ । क्षेत्रपाल खस आर्य संस्कृत्तिको मस्टो परम्परासँग पनि सम्बन्धित रहेको पाइन्छ।

विगतमा भिंगटीको छानो भएको यो मन्दिरमा वि.सं. २०५७/०५८ तिरको जीर्णोद्धारको क्रममा जस्ताको छानो सहितको मन्दिर बनाइएको थियो। हाल यस मन्दिरलाई पूर्णरूपमा सिमेन्ट छड, रोडा आदि आधुनिक निर्माण सामाग्रीको प्रयोग गरी पुनः निर्माण गरिएको छ । वर्गाकार पर्खालमा सिमेन्टको प्लास्टर गरिएको, दुई तहको सिमेन्टकै छानो बनाइएको यो मन्दिर नेपाली बहुछाने शैलीमा निर्माण गरिएको छ। मन्दिरको गर्भगृहमा अमूर्त शिला स्थापना गरी पूजाआजा हुँदै आएको छ।

नवदुर्गाको अवसरमा यस मन्दिरमा विशेष पूजाआजा हुने गरेको छ। यस अवसरमा खैरागाउँबाट अक्षता, जमरा, भेटी, फलफूल आदि लिएर आउने र उक्त पूजा सामग्रीहरू चढाएर पूजाआजा गर्ने परम्परा रहेको छ। यस अवसरमा दुर्गापाठ गर्ने र चण्डीपाठ गर्ने गरिन्छ । दसैमा हुने यो पूजाआजा पछिल्लो समयको हिन्दुधर्मको प्रभावबाट आरम्भ भएको अनुमान गर्न सकिन्छ। यस मन्दिरको प्राचीन मौलिक पूजा परम्परा पनि हालसम्म विद्यमान रहेको देखिएको छ। यहाँ गाई ब्याएमा किसानहरूले भूमे देवतालाई दूध अर्पण गर्न आउने गर्दछन् । यसैगरी नयाँ अन्नवाली भित्र्याएपछि आफूले खानुअघि नयाँ अन्न यी देवतालाई चढाउन ल्याउने गर्दछन् ।


## भाषा सिकौं
## कोरिया तथा जापान जाऔं

- नेपालका सर्वोउत्कृस्टक प्रशिक्षकद्धारा कोरियन तथा जापानिज भाषा प्रशिक्षण गराइने ,
- एकपटक भर्ना भएपछि इज्जामको डेटसम्म पढ्न मील्ने ,
- सम्पुर्ण बुक मिनीङ बुक र पिडिएफ पाइल उपलब्ध गराईने ,

बिजुवार भौकाको लागि सम्पर्क
९८६९१३८०७९
बाग्दुलाको लागि सम्पर्क
९८५७०७९८६०

**द बेस्ट एजुकेशन फाउन्डेशन**
प्यूठान न.पा.८ बाग्दुला प्यूठान



## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर वर्गीकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।

अनुरोधक :
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान**



# मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स

प्रो. बिपिन श्रेष्ठ
राम के सी

प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान

९८५७८३३७६२
९८४७८७४५२४

हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्वन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।



भुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
भुलेनी पोष्ट साप्ताहिक

# अल्जाइमरका बिरामी र हाम्रो दायित्व

**वृद्ध भएर नै स्मरण शक्ति हराउने भन्ने हुदैन र यो सामान्य पनि होइन। स्मरण शक्ति हराउने समस्या एक रोग हो भन्ने धेरैलाइ थाहा नहुन सक्छ। स्मरण शक्तिमा ह्रास आउने समस्यालाइ डिमिन्सिया भनिन्छ र यो समस्याको मुख्य कारण अल्जाइमरस् रोग भनिने रोग हो।**



पुष्पराज भट्टराई

घरको बरन्डामा एक वृद्ध मौन बस्नु भएको छ मौनतालाई चिर्दै वृद्ध बुवाका छोराले बुवालाई सोध्छन्, "ए बा मलाई चिन्नु भयो म को हो भन्नुहोस त ?"। "तिमि नाती हौ", बुवाले उत्तर दिनुहुन्छ। छोराले फेरि सोध्छन,"नाती नै हो त?" , बुवाले भन्नु हुन्छ "हो"। छोराले भन्छन, "म त छोरो पो हो त"। बुवा छोटो उत्तर दिनुहुन्छ "ए अँ"। बुवालाई केही याद छैन को छोरो, को नाती, को साथी बुवाले छुट्टाउन सक्नु हुन्न किनकि बुवालाई भुल्ने समस्या छ। जसलाई अल्जाइमरस् रोग (डिमेन्सिया) र नेपालीमा विस्मृति भनिन्छ।

हाम्रो समाजमा उमेर बढ्दै गए पछि अझ भनौ वृद्ध भए पछि स्मरण शक्ति हराउनु स्वाभाविक मान्ने चलन छ। वृद्ध भएर नै स्मरण शक्ति हराउने भन्ने हुदैन र यो सामान्य पनि होइन। स्मरण शक्ति हराउने समस्या एक रोग हो भन्ने धेरैलाइ थाहा नहुन सक्छ। स्मरण शक्तिमा ह्रास आउने समस्यालाइ डिमिन्सिया भनिन्छ र यो समस्याको मुख्य कारण अल्जाइमरस् रोग भनिने रोग हो। आज विश्व अल्जाइमर दिवस। आउनुहोस् अल्जाइमरस् रोग र डिमेन्सियाको बारेमा केहि कुरा जानौ।

के हो त अल्जाइमरस् रोग ? के बुढेसकाल लागे पछि अल्जाइमरस् रोग (डिमेन्सिया) हुनु स्वाभाविक हो ? यसको उपचार के छ ?

**अल्जाइमर के हो ?**

अल्जाइमर्स रोग एक क्षयकारी मस्तिष्क रोग हो जसको कारण मस्तिष्कमा भएका कोषिकाको क्षतिपछि मस्तिष्कमा जटिल खालको परिवर्तन हुन्छ। यसले विस्मृतिको (डिमेन्सिया) लक्षणहरू निम्त्याउँछ, जसले क्रमशः गम्भीर रूप लिन्छ। अल्जाइमर्स रोगको प्रारम्भिक सामान्य लक्षण भनेको नयाँ जानकारी सम्झन गाह्रो हुनु हो, किनभने यो रोगले प्रायः सिकाइसँग सम्बन्धित मस्तिष्कको भागलाई असर गर्छ। अल्जाइमर्स रोग बढ्दै जाँदा, लक्षणहरू अझ गम्भीर हुन्छन् र सम्झना नहुने , भ्रम पैदा हुने र व्यवहार परिवर्तन हुने जस्ता लक्षण देखिने गर्छन्। अन्ततः, बोल्न, निल्न, र हिँड्न पनि कठिन हुन्छ।

अल्जाइमर्स रोगको लागि सबैभन्दा ठूलो जोखिम कारक भनेको उमेर वृद्धि हो, तर बुढा पाकाले भने जस्तो उमेर बढ्दै जानाले नै अल्जाइमर हुन्छ भन्ने चाही होइन। उमेर बढेका सबैलाई अल्जाइमर हुदैन। यद्यपि अधिकांश अल्जाइमर्स रोग भएका मानिसहरू ६५ वर्ष वा सोभन्दा माथिका हुन्छन्। सन् १९०६ मा डा अलोइस अल्जाइमरले मस्तिष्कमा हुने क्षयकारी परिवर्तन पत्ता लगाएका हुनाले उनैको नामबाट यस रोगको नाम अल्जाइमर्स डिजिज राखिएको हो।

**अल्जाइमर्स रोग र डिमेन्सियामा फरक के छ ?**

सामान्य भाषामा भन्नु पर्दा अल्जाइमर्स रोग एक रोग हो भने डिमेन्सिया भनेको अल्जाइमर्स रोगको मुख्य लक्षण हो। तर अल्जाइमर्स रोग र डिमेन्सिया एक अर्काका पर्यायवाची जस्तै मानिन्छन।

**अल्जाइमर्स रोगको कारण के हो ?**

अल्जाइमरस् रोग यहि कारणले हुन्छ भन्ने यकिन तथ्य अहिले सम्म पत्ता लागेको छैन। यद्यपि अल्जाइमरस् रोगमा मस्तिष्कमा हुने परिवर्तनहरुका बारेमा केहि जानकारी खोज्न भने चिकित्सा विज्ञान सक्षम भएको छ। मानिसको मस्तिष्क करोडौ स्नायु कोषहरू मिलेर बनेको हुन्छ। मस्तिष्कमा भएका स्नायु कोषहरूलाइ अम्लोइड र टाउ नामक विषाक्त प्रोटिनले कोष बाहिर र भित्रबाट असर गर्नाले स्नायु कोषहरु नष्ट हुन पुग्दछन् फलस्वरूप मस्तिष्कको कार्य क्षमतामा ह्रास आउन थाल्छ र बिस्तारै स्मरण शक्तिमा कमि संगै अन्य समस्या देखिन थाल्दछ। यसरी हुने स्नायु कोषको क्षति नियमित रुपमा चल्दछ र रोगको प्रकृतिमा बढावा हुदै जान्छ। यसको कारण पत्ता नलागेता पनि यो रोग गराउन सक्ने केहि जोखिम तत्व भने पत्ता लागेका छन्। अल्जाइमरस् रोगका जोखिम तत्व निम्न छन्।

*वंशाणूगत कारण*
*मस्तिष्कको चोट पटक वा संक्रमण*
*दीर्घ रोग जस्तै मधुमेह, उच्च रक्तचाप आदि*
*विलाशी जीवनशैली*
*धुम्रपान, मध्यपान*
*कुपोषण आदि*

**अल्जाइमर्स रोगका लक्षण के के हुन्छन त ?**

अल्जाइमर्स रोगका विभिन्न लक्षणहरु देखिने गर्दछन् जसमा डिमेन्सिया (स्मरण शक्तिमा ह्राश हुनु ) प्रमुख लक्षण हो र अन्य लक्षण यसैसँग सम्बधित भएर आउने गर्दछन्। यसका लक्षणहरुलाइ अवस्थाका आधारमा सामान्य वा सुरुवाती लक्षण, मध्यम र कडा गरेर विभाजित गर्न सकिन्छ।

सुरुवाती वा सामान्य लक्षण

हालैका वा नया कुराहरु याद नहुनु।
स्मरण शक्तिमा कमि हुनाले आफुले गर्दै आएका वा आफुलाई बानी परेका काम हरु समेत गर्न कठिनाइ हुनु।
समय, मिति, बार, आफुले समान राखेको ठाउँ आदिको याद नहुनु।
सामाजिक गतिविधिहरुमा लगाब घट्नु।
मौन बस्नु , परिवारमा घुलमिल हुन नखोज्नु।

**मध्यम लक्षणहरु**

व्यवहार र भावना परिवर्तन हुनु।
एउटै खाले व्यवहार दोहोर्याई रहनु।
घर फर्किने बाटो हरु पत्ता लगाउन नसक्नु वा बाटो बिराउनु।
सामान्य हिसाबहरु गर्न नसक्नु।
घरायसी काम हरुलाई ब्यवस्तित गर्न र योजनाहरु बनाउन नसक्नु।
बार्तालाप गर्नमा समस्या देखिनु।
परिवारका सदस्यका नाम याद नहुनु।
हिडाईको चाल र शरीरको आवरणमा परिवर्तन हुनु।
निद्राको चक्रमा परिवर्तन हुनु (दिउसो सुत्ने रातीमा जागा हुने)।

**कडा लक्षणहरु**

समय, स्थान र व्यक्ति पहिल्याउन नसक्नु (बिहान दिउँसो साझ छुट्टाउन नसक्नु, आफु कहाँ छु को संग छु भन्ने छुट्टाउन नसक्नु)।
आफुले गरेका कुरा जस्तै खान खाएको, नुहाएको आदि बिर्सिनु , परिवारका सदस्य नचिन्नु।
घरका भित्रका कोठा, बाथरूम , किचन आदिमा जाने बाटो पत्ता लगाउन नसक्नु।
धेरै बोल्नु, सहि वा सान्दर्भिक बिषय नबोल्नु , वा बोल्दै नबोली मौन बस्नु।
भावना र आवेगलाइ नियन्त्रण गर्न नसक्नु (बिना कारण रुनु वा खुसि हुनु )।
कहिले उग्र व्यवहार त कहिले शान्त व्यवहार देखाउनु।
दिसा पिसाबको मेसो नपाउनु, लुगामै वा बसेको ठाउँमै दिशा पिसाब गर्दिनु।
पछि पछि बोल्न, खान निल्न, पानी पिउन गाह्रो हुनु र कुनै कुनै बेला खान, पानी आदि निल्दा घाटीमा सर्किनु वा असल्जिनु।

धभद तचबष्लष्लन अयलअभचल

नेपालमा अल्जाइमर्स रोगको अवस्था

अल्जाइमर हालैको समयमा विश्वब्यापी रुपमा नै बढ्दो क्रममा छ। अल्जाइमरस् रोगलाई यस सताप्दिको सुषुप्त महामारीको रुपमा पनि लिने गरिन्छ। सन् २००० मा विश्व स्वास्थ्य संगठनले प्रकाशित गरेको तथ्यांक अनुसार तत् समय सम्ममा नेपालमा अल्जाइमर्स रोग र डिमेन्सियाका कारणले २०२२ जनाको मृत्यु भएको देखिएको थियो। यो तथ्यांक यकिन तथ्यांक भने होइन किनभने नेपालमा अस्पतालमा हुने मृत्यु र मृत्युको कारणको अभिलेख राख्ने प्रचलन भएता पनि घरमा भएका मृत्युको तथ्यांक नभेटिने हुदा अल्जाइमर्स रोग र डिमेन्सियाका कारणले भएका मृत्युको यकिन विवरण पाउन गाह्रो छ।

**अल्जाइमरस् रोग वा डिमेन्सियाको निदान र उपचार**

माथि उल्लेखित लक्षण देखिएमा मानसिक रोग विशेषज्ञलाई भेटेर सल्लाह र उपचारमा जानु पर्दछ। अल्जाइमर्सरोगको यकिन उपचार अहिले सम्म भेटिएको छैन। तर बेलैमा मानसिक रोग बिशेषज्ञलाइ भेटेर सल्लाह लिन सकियो भने अल्जाइमर्सरोग बढ्ने प्रक्रियालाइ सुस्त गर्ने उपचार बिधि भने उपलब्ध छन्।

अल्जाइमर्सरोगमा चिकित्सको सल्लाह र औषधि संगै घरमा बिरामीलाई गरिने हेरचाहले बिरामीको स्वास्थ्यमा धेरै ठुलो भूमिका खेलेको पाइन्छ। अल्जाइमरका रोगीलाई औषधिसंगै पुरक उपचारका विधि अवलम्बन गरेर बिरामीको जीवन सहज बनाउन सकिन्छ। पुरक उपचारका लागी बिकसित मुलुकहरुमा विभिन्न खालका उपचार केन्द्र भए पनि नेपालमा भने यस्ता उपचार केन्द्रको प्रचलन खासै बिकसित भैसकेको छैन। त्यसैले हामीले घरमै पनि केहि पुरक उपचारका बिधि र हेरचाहका उपायहरु अवलम्बन गर्न सक्छौ जसले बिरामी र हेरचाह गर्ने व्यक्ति दुबैलाई सहज हुन्छ।

अल्जाइमरस् रोग वा डिमेन्सियाको रोकथाम

यो रोगको कारण यकिन नभएकाले रोकथामको पनि यकिम उपाय छैन तर जोखिम काम गर्न सकिन्छ। यसको लागि परिमार्जन गर्न सकिने जोखिम तत्व(जस्तैः मधुमेह, उच्च रक्तचाप, मानसिक तनाब , विलाशी जीवनशैली) लाइ बेलैमा नियन्त्रण गर्ने, धुम्रपान र मध्यपान नगर्ने, प्याकेट बन्द खानेकुरा र फास्ट फूड कम खाने, नुन र चिनीको मात्रा कम गर्ने, योगासन र प्राणायामहरु गर्ने, ओमेगा ३ भएका खाने कुराहरु, भिटामिन बि १२, नट्स जति ओखर, बदाम आदि खानेकुरा सेवन गर्न सकिन्छ जसले मस्तिष्कको स्वास्थ्यलाई राम्रो राख्न मद्धत गर्छ। हालैका केहि अध्ययनले नियमित किताब पढ्ने, सोडू जस्तो मस्तिष्कलाइ जोड पर्ने वा सोचाई बढाउने खेल खेल्ने गरेमा डिमेन्सियाको रोकथाममा सहयोग पुग्ने देखिएको छ।

घरमा अल्जाइमरस् रोग र डिमेन्सियाका बिरामीको हेरचाह कसरी गर्न सकिन्छ

घरमा अल्जाइमर वा डिमेन्सियाका बिरामी छन् भने घरमा एउटा वृद्ध बच्चा हुनुहुन्छ भन्ने सोचेर बिरामीको स्याहार गर्नु पर्छ किनभने कतिपय बिरामीहरुले देखाउने व्यवहार बच्चाले देखाउने जस्तै हुन्छ। उदाहरण : खाना खान नमान्ने , औषधि खान नमान्ने , लुगामै दिशा पिसाब गर्दिने आदि। उनीहरुको व्यवहार देख्दा हामीलाई उनीहरुले बाहना बनाएको जस्तो लग्न सक्छ तर बिरामीहरु भने साच्चै नै समस्यामा हुने हुनाले पहिलो कुरा हामीले उनीहरुलाई बुझिदिनु पर्छ। अल्जाइमर वा डिमेन्सियाको सुरुवाती लक्षणमा मानिसले

अल्जाइमर.....

बाँकी ५ पेजमा...

गाउँपालिकाबासीलाई अनुरोध

- विपदले अपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाको लागि सहयोग गरौं,
- भौगलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपद बारे सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- उद्दार,राहत , पुर्नस्थापना , पुनर्लाभ सहभागी बनौं।

अनुरोधक :
सरुमारानी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,बड्डाँडा, प्यूठान

स्वास्थ्य कार्यालय प्यूठानको झाडापखालासम्बन्धी सन्देश

हाल प्यूठान जिल्लाका केहि स्थानहरुमा झाडापखाला रोग लागेका ; हैजाको चिन्ह तथा लक्षण भएका बिरामीहरु देखा परेको र २ जनामा हैजाको संक्रमण पुष्टी भईसकेको हुदाँ सबैले साबधानी अपनाउनुहुन अनुरोध छ।

हैजा "भिब्रियो कोलेरा" नामक जिबाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखाला सम्बन्धी रोग हो। यो रोग संक्रमित ब्यक्तिको दिसाको माध्यमबाट बाहिरी बातावराणमा पुग्दछ र स्वस्थ मानिसमा दुषित खाना वा पानीको माध्यमबाट सर्दछ। गर्मी तथा बर्षायाम सुरु भएसँगै झाडापखाला , हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन जरुरी छ।

पखालाको जोखिममा कुन समुह बढि पर्दछन् ?
- स्तनपान नगराइ बोतलको दुध खुवाइएका बच्चाहरु।
- कुपोषित बालबालिका ,दुषित खाना र पानी सेवन गरिरहेका व्यक्तिहरु ।
- ब्यक्तिगत सरसफाईमा ध्यान नदिएका व्यक्तिहरु ,खोप नपाएका बच्चाहरु।
- घर बाहिर बढि हिड्डुल गर्ने , बाहिर खाना खाने व्यक्तिहरु।

**हैजाका लक्षणहरुः**
-पातलो चौलानी पानी जस्तो दिसा हुने।
-वाकवाकी लाग्ने र बान्ता हुने ,कडा किसिमको जलवियोजन हुने।
- पेट दुख्ने ,ज्वरो आउने ,असाध्यै तिर्खा लाग्ने।

हैजाबाट बच्ने उपायहरु :
-खुला ठाउँमा दिसा /पिसाब नगर्ने , चर्पिमा माात्र दिसा पिसाब गर्ने।
-दिसा पिसाब गरिसकेपछी साबुनपानीले अनिवार्य मिचिमिचि हात धुने।
-खाना बनाउनु , खुवाउनु र खानु अघि साबुन पानीले मिचिमिची हात धुने।
-पानी उमालेर , सोडीस गरेर , फिल्टर गरेर वा पानीमा क्लोरीन झोल मिलायर मात्र पिउने।
- बासी , सडेगलेको , काँचो र झिङ्गा बसेको खानेकुराहरु नखाने।
-खानेपानीको मुहान सफा र सुरक्षित राख्ने र बेलाबेलामा पानीको जाँच गराउने।
-बर्षायाममा बाहिर बाहिर वा जंगलमा जाँदा घरैबाट शुद्ध पानी बोकेर जाने, खोलाको पानी नपिउने।

**घरेलु उपाय :**
- झाडापखाला हुँदा शरिरबाट धेरै पानी खेर जाने हुँदा जलबियोजन भएर मृत्यु पनि हुन सक्ने भएकाले झाडापखाला हुन साथ १ लिटर सफा पानीमा १ पुरिया जीबनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने।
-प्रशस्त मात्रामा सफा झोल खानेकुराहरु पटक पटक दिने।
-नरम तथा सजिलै पच्ने खानेकुराहरु पटक पटक खुवाईरहने।
- स्वास्थ्यकर्मीले सिफारीस गरे अनुसार जिङ्क चक्की नबिराईकन खुवाउने।
-व्यक्तिगत सरसफाईमा ध्यान दिने , र स्वच्छ पानी तथा खाना खाने।

थप जानकारीको लागि नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने वा महिला सामुदायिक स्वंयम् सेविकासंग सल्लाह लिने।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

# सूचना प्रवाहलाई प्रभावकारी बनाउन पत्रकारको आग्रह

**भुवन विश्वकर्मा**
प्यूठान

प्यूठानका पत्रकारहरूले जिल्लाका सरकारी कार्यालयको नियमित सूचना प्रवाहलाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका छन् ।

प्यूठान जिल्लामा प्रमुख जिल्ला अधिकारी भएर आएकी रमा आचार्य सुवेदीको आमन्त्रणमा शुक्रवार आयोजित भेटघाटमा पत्रकारहरूले उनलाई स्वागत गर्दै जिल्लाका सरकारी कार्यालयहरूले नियमित रूपमा गर्नुपर्ने सूचना प्रवाह नगरेको र सूचनाको हकको कार्यान्वयन नगरेको भन्दै ध्यानाकर्षण गराएका हुन् ।

अर्को फरक प्रसङ्गमा कुरा राख्दै पत्रकारहरुले पछिल्लो समय सरकारी कार्यालयले गर्ने कार्यक्रम र गतिविधिमा सञ्चारमाध्यमहरू बेखबर बन्ने स्थिति



नेपाल पत्रकार महासङ्घले संस्थागत प्रतिनिधित्व गर्ने अभ्यास रहेको तर, सूचना प्रवाह एवं समाचार सङ्कलनका लागि सम्बन्धित कार्यालयले सञ्चारमाध्यम वा सञ्चारकर्मीलाई नै समन्वय गर्दा प्रभावकारी हुने नेपाल पत्रकार महासङ्घका अध्यक्ष सञ्जय रिजालले बताए ।

सिर्जना भएकोतर्फ ध्यानाकर्षण गराउँदै समाचार सङ्कलन र सूचना प्रवाहका लागि जिल्लाका सबै सञ्चारमाध्यम र सञ्चारकर्मीसँग समन्वय गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाल पत्रकार महासङ्घले संस्थागत प्रतिनिधित्व गर्ने अभ्यास रहेको तर, सूचना प्रवाह एवं समाचार सङ्कलनका लागि सम्बन्धित कार्यालयले सञ्चारमाध्यम वा सञ्चारकर्मीलाई नै समन्वय गर्दा प्रभावकारी हुने नेपाल पत्रकार महासङ्घका अध्यक्ष सञ्जय रिजालले बताए ।

भेटघाटलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी रमा आचार्य सुवेदीले जिल्लामा प्रभावकारी कार्यसम्पादनका लागि सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्दै पत्रकारबाट आएका सुझावलाई आफूले टिपोट गरेको र कार्यान्वयनको निम्ति अगाडि बढाउने बताइन ।

# छोटकरी

## विद्यालयमा अध्ययनरत विद्यार्थीलाई १ लाख बराबरको सामाग्री सहयोग

**झुलेनी पोष्ट**
प्यूठान

आफ्नो नाम नखुलाउने सर्तमा प्यूठानमा एक सहयोगदाताले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई १ लाख बराबरको सामाग्री सहयोग गरेका छन् । २ वटा विद्यालयमा वडामार्फत वितरण गर्ने गरी सहयोग प्राप्त भएको प्यूठान नगरपालिकाका प्रवक्ता तथा ३ नम्बर वडाध्यक्ष सुमनराज श्रेष्ठले बताए ।

आइतबार प्यूठान नगरपालिका ३ कुवापानि स्थित पद्मा प्राथमिक विद्यालय र मुक्ति माध्यमिक विद्यालयमा उक्त सामाग्री वडाध्यक्ष श्रेष्ठमार्फत विद्यार्थीलाई हस्तान्तरण गरिएको छ। पद्मा प्रावि का २९ जना विद्यार्थीलाई ज्याकेट, झोला र जुत्ता वितरण गरिएको छ भने मुक्ति मा.वि.का २६ जना अभिभावक विहीन बालबालिकालाई ट्र्याकसुट र जुत्ता वितरण गरिएको हो ।

शैक्षिक सामाग्री पाएपछि विद्यार्थी खुसी भएका छन् । सानो सहयोगमा पनि ठुलो प्रचार खोज्ने चलन बढिरहेको समयमा एक लाखको सामाग्री सहयोग गर्दा पनि नामै नखुलाउने सहयोगदातालाई सामाग्री वितरण कार्यक्रमका सहभागी विद्यार्थी र अभिभावकले प्रशंसा गरेका थिए ।

सहयोगदाताबाट आएको सामाग्री हस्तान्तरण गर्दै वडाध्यक्ष श्रेष्ठले दाताको 'एउटा हातले गरेको सहयोग अर्को हातलाई थाहा नदिने' इच्छाअनुसार दाता र उनका परिवारको परिचय नखुलाई सामाग्री वितरण गरिएको बताए । दाताको सहयोगले कुनै पनि सहयोग प्रचारका लागि होइन मानवीयताका लागि हो भन्ने सन्देशसहित विद्यार्थीको पठनपाठनमा हौसलाका मिल्ने अध्यक्ष श्रेष्ठको विश्वास छ ।

# संविधान दिवसको अवसरमा रक्तदान




**झुलेनी पोष्ट**
प्यूठान

संविधान दिवस तथा राष्ट्रिय दिवस प्यूठानमा विभिन्न कार्यक्रम गरि मनाइएको छ । जिल्लाका विभिन्न ठाँउमा मौलिक तरिकाले दिवस मनाइएको हो ।

माण्डवी गाउँपालिकाले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा विभिन्न २० जना व्यक्तिहरुबाट रगतदान गरेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको आयोजना, नेपाल रेडक्रसा सोसाइटी जिल्ला शाखा प्यूठानको प्राविधिक सहयोग, नेपाल स्वंयसवी रक्तदाता समाज प्यूठानको सहजिकरणमा कार्यक्रम भएको जनाएको छ । प्यूठान अस्पताल र स्वास्थ्य कार्यालय प्यूठानको संयुक्त आयोजनामा प्यूठान अस्पतालमा रक्तदान कार्यक्रम गरियो यहाँ ४ जनाले रक्तदान गरे । स्वास्थ्य कार्यालय प्यूठानका कोल्ड चेन निरिक्षक कोशलराज बैद्य, सुरक्षाकर्मी सहित ४ जनाले रक्तदान गरेका थिए । संविधान दिवसको अवसरमा खलंगामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको आयोजनामा भएको कार्यक्रम भएको थियो । जिल्ला समन्वय समिति प्युठानका प्रमुख धरम बहादुर जि.सी. को अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख दुर्गा रेग्मी, जिल्ला न्यायधिश हिरण्यप्रसाद भण्डारी, मल्लरानी गाउँपालिकाका अध्यक्ष कृष्ण खड्का, गौमुखी गाउँपालिकाका अध्यक्ष विष्णुकुमार गिरी, प्रमुख जिल्ला अधिकारी रमा आचार्य सुवेदी, जनप्रतिनिधि, राजनीतिक दलका प्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू, पत्रकार, नागरिक समाजका अगुवा लगायतको आतिथ्यता रहेको थियो ।

आफ्नो घरको बाटो, ठेगाना, फोन नम्बर, परिवारका सदस्यका नाम, नाता आदि भुल्ने हुनाले नाम , ठेगाना, फोन नम्बर आदि जानकारी लेखेर सानो परिचय पत्र जस्तो बनाएर घाटीमा झुण्डाइदिन सकिन्छ। यस्तो गर्दा घर बाट बाहिर गएको अवस्थामा हराउने बाटो बिराउने सम्भावना कम हुन्छ । अल्जाइमर वा डिमेन्सियाको अवस्थामा घर भित्रका दुर्घटना बढ्ने सम्भावना धैरै हुन्छ। अल्जाइमर वा डिमेन्सियाका बिरामी घरमा छन् भने घर भित्रको सुरक्षामा बिशेष ध्यान दिनुपर्छ। घरमा प्रयाप्त प्रकाश हुनु जरुरी हुन्छ, बिरामी बस्ने कोठामा सामानहरु कम हुनुपर्छ, बिद्युतका तार र प्लग हरु ब्यबस्थित अनि सुरक्षित हुनुपर्छ, धारिला बस्तु निषेध गर्नुपर्छ, बाथरूम र भर्याङमा handrail (समाउने ह्यान्डल) हुनुपर्छ, बिरामीको सिरानीमा रातको समयमा टर्चलाइट राख्ने र बिरामी सुत्ने कोठामा मधुरो प्रकाश दिने चिम बालीदिदा अधेरोमा लड्ने सम्भावना कम हुन्छ। यस्ता कुराले घरभित्र हुने दुर्घटना न्यूनीकरणमा सहयोग पुग्छ । रोगले धेरै च्याप्न थाले पछि बिरामीले शरीरिक सरसफाईमा ध्यान दिन सक्दैनन् सो अवस्थामा शरीरको राम्रो सरसफाई गरिदिनु पर्छ साथै पोषणयुक्त खानेकुरामा ध्यान दिनु पर्छ। असाध्य अवस्थामा बिरामीलाई निल्न गाह्रो हुने हुनाले खान खुवाउदा बिस्तारै खुवाउने, खान नअसल्झियोस वा नसर्कियोस भनेर ध्यान दिनुपर्छ। यदि असल्झियो वा सर्कियो भने त्यसले तत्काल बिरामीको मृत्यु गराउन सक्छ वा निमोनिया गराउन सक्छ ।

**अल्जाइमर वा डिमेन्सियाका बिरामी र हाम्रो दायित्व**

यो समस्या आफैमा फरक खालको समस्या हो। अल्जाइमरका कत्ति बिरामीलाई आफु रोगि भएको थाहा पनि नहुदै रोगले गम्भीर रुप लिईसकेको हुन्छ। अल्जाइमर वा डिमेन्सियाका बिरामीहरु देख्दा हामीलाई उनीहरुले बाहना बनाएको जस्तो लग्न सक्छ तर बिरामीहरु आफैलाई पनि किन आफुमा यस्तो परिवर्तन आईरहेको छ भन्ने जानकारी हुदैन। उनीहरुमा भएको समस्याले उनीहरुलाई जीवनयापनमा कठिनाई हुन्छ। सुरु सुरुमा उनीहरु आफुले पहिले पहिले गर्दै आएका सामान्य घरायसी काम पनि आफुबाट नहुदा हिनता बोध गर्दछन् नै त्यै माथि बाहना बनायो भनेर कति ठाउमा अपमानित सम्म हुन पुग्दछन् ।

अझ नपुगेर कहिले कहिँ समाजले उनीहरुलाई पागलको संज्ञा दिन्छ र विभिन्न खालका भेदभाव गरिन्छ। समाजमा ब्याप्त यस्ता लान्छनाले रोगीको मानसिकतामा साह्रै ठुलो नकारात्मक प्रभाब पार्छ। उनीहरुलाई बुझिदिनु नै हाम्रो सबै भन्दा ठुलो दायित्व हो। बिरामीलाई हुने भेदभावलाई निरुत्साहित पार्नु, भेदभावविरुद्ध जनचेतना जगाउनु, अल्जाइमर वा डिमेन्सियाका बिरामीहरुलाई समयमै निदान तथा उपचारमा सहयोग गर्नु र सहज एवं सम्मानजनक जीवन जिउन मद्धत गर्नुमा हाम्रो भूमिका जरुरी छ। साथै राज्यले पनि यस्ता बिरामीको सम्मानजनक बाच्न पाउने अधिकार सुनिस्चित गर्नु आवश्यक छ ।

# सरुमारानीको वार्षिक समिक्षा सम्पन्न




**झुलेनी पोष्ट**
प्यूठान

सरुमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८०।०८१ को वार्षिक समिक्षा गोष्ठी तथा तेस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम आइतबार सम्पन्न गरेको छ । गाउँपालिकाले गत आर्थिक वर्षमा सम्पादित गरेका पुर्वाधार विकास सङ्गै शिक्षा, स्वास्थ्य, कृषि, पशु, अन्य भौतिक संरचना लगायत अत्यावश्यक कामहरुको थालनी एवं सप्पन्न विविध योजनाहरुको विषयमा समिक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको हो ।

कार्यक्रममा उठेका प्रश्न, सुझाव, जिज्ञासा, गुनासोसङ्गै उठेका सवालहरुको जवाफ गाउँपालिका अध्यक्ष झग बहादुर बिश्वकर्मा, उपाध्यक्ष बसन्ता खडका, निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण जि.सी.एवं सम्बन्धित वडा अध्यक्षहरुले दिएका थिए । गाउँपालिकाले सीमित स्रोत साधनलाई प्रयोग गर्दै अधिकतम विकासको प्रयास गरिरहेको बताए। उठेका सवालहरुको जवाफ दिँदै सरुमारानी गाउँपालिकामा सुशासनका लागि अधिकतम प्रयास गरेको दावी गरेका हुन ।

गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण आचार्यले गाउँपालिकाले विनियोजन गरेको बजेटलाई प्रभावकारी रुपमा परिचालन गरिएको बताए । उनले कृषि, पशुपालन, स्वास्थ्य, भौतिक पूर्वाधार लगायतका काममा उल्लेख्य प्रगति भएको समेत जानकारी दिए ।

गाउँपालिकाको आयोजनामा भएको कार्यक्रमको सहजीकरण झुलेनीमिडिया प्रा. लि.ले गरेको हो । कार्यक्रमको सहजीकरण सलिम मिया र शशिधर भण्डारी गरेका थिए ।


# हार्दिक अनुरोध

जथाभावी रुपमा गरिने वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :
- खाली ठाउँमा वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारामा, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढी पहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

अनुरोधक :
डिभिजन वन कार्यालय,प्यूठान

# चार किल्ला सिफारिस बारे सूचना !

मितिः २०८१/५/१६

प्रस्तुत विषयमा यस स्वर्गद्वारी नगरपलिका वडा नं.-७. साविक बेल्बास ७. मा स्थायी रुपमा वसोवास गर्ने नुमराज घर्तिमगर (ना. प्र. प. नं. ३२९६८) ले यस स्वर्गद्वारी नगरपालिका-३ अन्तरगत मेरो नाममा दर्ता प्रमाणित देहाय बमोजिमको जग्गामा चार किल्ला भएकोले सो व्यहोरा खुलाइ पाउँ भनि यस स्वर्गद्वारी नगरपालिका वडा नं. ३ को कार्यालयमा दिनु भएको निवेदन सम्वन्धमा बुझ्दा निजले पेश गरेको नापी नक्सा/ट्रेस अनुसार उक्त जग्गाको देहाए बमोजिम चार किल्ला खुलाइ पठाएको व्यहोरा अनुरोध छ।

| सि.नं. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | चार किल्ला विवरण |
|---|---|---|---|---|
| १ | साविक भिंगृ गा.वि.स. वडा नं. ४ हाल स्वर्गद्वारी न.पा. ३ | १०२४ | ४०२२.०० व.मि. | पूर्वः कि.नं. १६१ र चकचके रोल्पा सडक<br>पश्चिमः कि.नं. १०२५ र ९६<br>उत्तरः कि.नं. १४९<br>दक्षिणः कि.नं. ९६ |

कृष्ण बहादुर रोकाय
वडा अध्यक्ष
**स्वर्गद्वारी न.पा.-३ जलुके प्युठान**

# चार किल्ला सिफारिस बारे सूचना !

मितिः २०८१/५/५

प्रस्तुत विषयमा साविक बर्जिवाङ गा.वि.स वडा नं. ८ तथा हाल स्वर्गद्वारी नगरपलिका वडा नं.-८ जन्म भई स्वर्गद्वारी नगरपलिका वडा नं.-६ मा स्थायी बसोबास गरी बस्ने चन्द्र बहादुरको नातिनी खिमान सिंह गुरुङको छोरी सुमी कुमारी गुरुङले यस कार्यालयमा पेश गर्नु भएको निवदेनको सन्दर्भमा बुझ्दा नीजको नाममा साविक भिंगृ गा.वि.स वडा नं. २ तथा हाल यस स्वर्गद्वारी नगरपालिका वडा नं. ४ मा रहेको दर्ता प्रमाणित तपशिल बमोजिमको जग्गाको ट्रेस/नक्सा अनुसार चार किल्ला खुलाइ पठाइएको व्यहोरा जानकारी सहित अनुरोध गरिएको छ।

| सि.नं. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | चार किल्ला विवरण |
|---|---|---|---|---|
| १ | साविक भिंगृ गा.वि.स. वडा नं. २ हाल स्वर्गद्वारी न.पा. ४ | १२१३ | २३७.०० व.मि. | पूर्वः बसपार्क जाने मोटरबाटो<br>पश्चिमः कि.नं. १२१० को आफ्नै जग्गा<br>उत्तरः कि.नं. १००५ र ४४६ को जग्गा<br>दक्षिणः कि.नं. १२१२ को जग्गा |

सुवर्ण कुमार श्रेष्ठ
वडा अध्यक्ष
**स्वर्गद्वारी न.पा.-४ गोठिबाङ प्युठान**

## वडा दशैंको शुभकामना !



मित्र थापा
गौमुखी-२

तिमी खराव मान्छे हौ।
तिमी नौतंगी छौ।
तिमीले मेरो लागि धेरै चलखेल गरी नै रह्यौं।
तिमी धोकेबाज हौ ।
तिमीले मेरो लागि केही पनि गरेनौं ।
तिमीलाई मैले कति विश्वास गरेको थिएँ।
तर तिमीले मलाई विश्वासघात गर्यौ ।
तिमीले मलाई सधैं सधैं धोका नै दिँदै गयौ।
तिमीले मलाई प्रिय साथीको रुपमा कहिलै सोचेनौ।
तिमी बैगुनी हौ ।
तिमी धोकेवाज हौ ।
तिमी पराई हौ।
तिमी पापी हौं।
तिमी अधर्मी हौ ।
जहिले नि मेरो विरोध गरी नै रह्यौं।
त्यसैले,
तिमीले सोचेको कुरा कहिल्यै नपुगोस्।
तिमीलाई हिड्ने वेला कहिलै सुभ साइत नपरोस्।
तिमी जे चाहन्छौ त्यो कहिल्यै पूरा न भयोस्।
घरमा सधैं झगडा भैरहोस्।
घर परिवारमा अशान्ति नै भै रहोस्।
समाजमा कु पात्र नै बन्नु ।
कृषि पेसा पनि अधुरै रहोस्।
मनमा अशान्ति नै भैरहोस्।
राजनीतिक , सामाजिक सांकृतिक हरेक कुरा अधुरै रहोस्।
तिम्रो शत्रुहरुको मात्र जीत भैरहोस्।
जागिर पनि घर परिवारमा कसैलाई नमिलोस्।
जे काम गर्दा पनि अधुरै रहोस् ।
धन कमाउने मेसो पनि कहिलै पूरा नभयोस्।
जिन्दगीभर सोचेको कुरा कहिल्यै नपुगोस्।
समाजमा संसारकै एक नम्बर को पाखे,काम नलाग्ने खत्तम मान्छे बन्नु होला ।
शिक्षा पनि अधुरै रहोस्।
धनको सधैं कमी होस्।
सधैं हरेक प्रकारको चिन्ताले सताई रहोस् ।
दुब्लाएर हड्डी र छालाको मात्र शरीर होस्।
तिमी हरामि,बदमास , चोर, स्याल, फ्याउरो,गधा, मूसा, भैंसी, हनुमान गोरु,बाँदर, जनावर , सुँगुर,कुकुर ।
.... डाका........!
..... फटाहा.......?
..... कुलंगार........!
.....भष्ट्रचारी.......!लाई
....नौ ग्रह नै लागोस्... ।
भनेर सोच्नेहरूको कहिलै भलो नभयोस् ।
जसले तिमीलाई जे सोच्यो उसैलाई लागोस्।
हरेक पल तपाईंकै जीत भएको देख्न पाउँ ।
हरपल सुखी खुसी बन्नु । पलपल खुसी नै खुसी हुनु ,
तिमीले जे जे सोच्दै जान्छौ सबै कुरा पलपल मै पुग्दै जायोस्।
सुख, स्वास्थ्य,दीर्घायु उत्तरोत्तर प्रगति सहित
अनगिन्ती गगन धर्तीसरी पुष्प फूलहरूले सधैं चुमी रहोस्
भनी वडा दशैं २०८१ को शुभकामना व्यक्त गर्दछु !

# हाम्रो अपेक्षा....

यदि तपाईंलाई विगतको तुलनामा ट्राफिक प्रहरीलाई सडकमा टेर्न छोडेको जस्तो लाग्दछ भने ट्राफिक प्रहरीले शक्ति होइन प्राधिकार गुमाएको हो । राजनीतिमा प्राधिकार हुनु भनेको नेतृत्वमा रहेका व्यक्तिहरूको विचारलाई नागरिक वा मातहतका कर्मचारी, वा सोही दलका कार्यकर्ताले स्वीकार एवं सम्मान गर्दै स्वस्फूर्त रूपमा अनुसरण गर्ने अवस्था हो । नेतृत्व सँगसँगै सरोकारवालाको आचरण वा क्षमता र उनीहरूको सम्बन्धले प्राधिकारको अवस्थालाई निर्धारण गर्दछ ।

खल्लो लाग्ला एउटा सिधा उदाहरण हेरौं : यदि कुनै दलका बहुसंख्यक कार्यकर्ताहरू अराजक छन् भने सो दलमा जति नै असल, इमानदार, सक्षम नेताहरू रहे पनि उनीहरूको विचार सो दलमा कार्यान्वयन हुने सम्भावना कम हुन्छ । यो उदाहरण राजनीतिक दलमा मात्रै लागू हुने होइन । राज्यका हर तह र निकाय, सार्वजनिक एवं सामाजिक संस्थाहरूमा पनि उत्तिकै लागू हुन्छ ।

प्राधिकार हाम्रो परिकल्पनाको नयाँ राजनीतिको बहसको केन्द्रबिन्दु हुनुपर्दछ। त्यस्तो राजनीतिमा प्रधानमन्त्रीदेखि हर कार्यालयका प्रमुखहरूले आफूले कसैको असहयोग वा कसैसँगको सम्बन्धका कारण खोजेको नतिजा दिन सकिन भन्ने गुनासो गरेर झारा टार्ने अवस्थाको परिकल्पनासम्म पनि गर्न सकिंदैन । त्यसो बोल्नु भनेको नै नेतृत्वमा प्राधिकार नरहेको प्रमाणित हुनु हो भन्ने भाष्य राजनीतिमा स्थापित हुनुपर्दछ ।

राजनीतिमा प्राधिकार स्थापित हुन नेता वा कर्मचारीको बोलीप्रति आम नागरिकले विश्वास गर्ने वातावरण बन्नुपर्दछ। त्यो विश्वास सिर्जना कसरी गर्न सकिन्छ, नयाँ राजनीतिको प्रधान प्रश्न बन्नुपर्दछ । नेताले कर्मचारीलाई र कर्मचारीले राजनीतिक नेतृत्वलाई सार्वजनिक रूपमा नै दोषारोपण गरेर आफूलाई पानीमाथिको ओभानो बनाउने गलत संस्कारको अन्त्य त्यो नयाँ राजनीति र प्राधिकार स्थापनाको अकाट्य प्रस्थान बिन्दु हो । दोषारोपणको राजनीति। देश भित्र हुने हरेक घटनामा विदेशीलाई देखाएर आफू चोखिने राजनीति। २-४ जना वरिष्ठ नेतालाई कोठाभित्र सहमति गरेर लोकतन्त्रमाथि नै उपहास गर्ने राजनीति ।

राज्यको सेवा र सुविधाको अधिकतम प्रयोग गरेर सुकिलामुकिला कपडा लगाएर निर्वाचित जनप्रतिनिधिलाई खिसिट्युरी गर्ने राजनीति । आफ्नो सिद्धान्त, नीति र कार्यक्रम नै स्पष्ट नहुने राजनीति। सदनलाई बाइपास गर्ने राजनीति। यीसँगै नेपाली जनतालाई विभाजित गर्दै, निराशा र नैराश्यता छर्ने र हाम्रो देशलाई विश्व मानचित्रमा सानो र कमजोर देश भनेर चिनाउन तल्लीन सबै प्रकारका पुराना र पाखण्डी राजनीतिलाई बिदाइ नगर्दासम्म नयाँ राजनीति स्थापित हुन सक्दैन ।

राजनीतिक दल र त्यसको नेतृत्व राज्य सञ्चालनको सिद्धान्तमा आधारित नीतिमा अडिग रहेर आफ्नो नीति एवं कार्यक्रमको बारेमा जनसमर्थन जुटाउन आम नागरिकसँग संवाद गर्ने, जनतासँगको संवादबाट आफ्ना नीति एवं कार्यक्रमलाई परिष्कृत गर्ने पद्धतिलाई अनुसरण गर्ने क्षमता र तत्परता देखाउँदा मात्र नयाँ राजनीति सम्भव छ। जब दलहरू त्यस्तो राजनीतिमा अविचलित रहन्छन्, त्यहाँ कर्मचारीले निर्वाचित नेतृत्वलाई नटेर्ने भन्ने हुँदै हुँदैन ।

राजनीतिक दल र नेतृत्वले प्रस्टसँग बुझ्नुपर्‍यो २१औं शताब्दीमा राजनीतिक प्राधिकार जनतासँगको निरन्तरको संवादबाट मात्र प्राप्त गर्न सकिन्छ। आम नेपाली जनतासँग रहेको सूचना, समाज, अर्थतन्त्र र राज्य सञ्चालनको बारेमा उनीहरूको धारणा एवं मागलाई नजरअन्दाज गर्ने दल र नेताको राजनीतिक भविष्यमा कालो बादल लागिसकेको छ ।

तसर्थ, भावना र इमानदारी सहितको संवाद नै हामीले परिकल्पना गरेको नयाँ राजनीति हो । यसले लोकतान्त्रिक राजनीतिको जीवनको रूपमा रहेको प्राधिकारलाई स्थापित गर्दछ र अहिलेको शक्ति केन्द्रित पुरानो युगको राजनीतिलाई सदासदाको लागि बिदाइ गर्दछ ।

## उद्योग, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

उपभोज्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।

- उद्योगी, व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारका तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना इजाजत सुर्तिजन्य मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौं ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मुल्यसूची स्पष्ट देखिन गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं ।
- उपभोक्ताले कुनै पनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति , मुल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं।
- प्लाष्टिकका झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
- कृत्रिम अभाव श्रृजना गरिएका, कमसल वस्तु बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारी गरौं।

अनुरोधक :
**घरेलु तथा साना उद्योग कार्यालय**
खलंगा, प्यूठान


# गोरुले कुल्चेर एक जनाको मृत्यु

झुलेनी पोष्ट
प्यूठान

गोरुले कुल्चेर एक जनाको ज्यान गएको छ। स्वर्गद्वारी नगरपालिका-८ बर्जिवाङ्का ६७ वर्षीय प्रतिमान खत्रीको बुधवार जुधेर भागेको गोरुले कुल्चेर ज्यान गएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय प्यूठानमा सूचना अधिकारी प्रहरी निरीक्षक केशव के.सी. का अनुसार स्थानीय मान बहादुर खत्रीका गोरु जुधेर भाग्ने क्रममा कुल्चिएर प्रतिमानको ज्यान गएको हो । 'प्रारम्भिक अनुसन्धानबाट भवितव्य घटना देखिन्छ' के.सी.ले भने,'यस विषयमा प्रत्यक्षदर्शी तथा सम्बन्धित सँग प्रहरीले अनुसन्धान गर्दैछ ।' बिहीबार प्यूठान अस्पतालमा मृतक खत्रीको शवको पोस्टमार्टम गरी परिवारलाई बुझाइएको प्रहरीले जनाएको छ।

## लुम्बिनी.....

बताइन्। 'मन्त्री सिफारिसमा समावेशितालाई प्राथमिकतामा राख्न दबाब दिइरहेका छौं,' उनले भनिन्। महिला प्रदेशसभा सदस्यको दबाब बढेपछि कांग्रेसबाट तत्काल एक जना मात्र सिफारिस गरेर सरकार विस्तार गर्ने तयारी भएको छ । तर, कांग्रेसभित्र एक जना मन्त्री छनोटको विषयले सरकार विस्तार थप जटिल बनाएको छ। सरकार गठनकै बेला सरकारलाई समर्थन गरेका साना दलमध्ये एमालेले एक दललाई मन्त्रालय दिने र कांग्रेसले दुई साना दलको सहमति जुटाएर एक दललाई मन्त्री दिने मौखिक सम्झौताले अप्ठ्यारो पारेको छ। त्यही सहमतिअनुसार एमालेले जसपाका आदेशकुमार अग्रवाललाई मन्त्री बनाउने गरी सहमति जुटाएको छ । लुम्बिनी प्रदेशमा जसपाका ३ सांसद छन् । कांग्रेसको भागमा परेको लोसपा र नागरिक उन्मुक्तिमध्ये कुन दलबाट मन्त्री बनाउने भन्ने टुंगो लाग्न सकेको छैन । कांग्रेसको केन्द्रबाट लोसपालाई मन्त्री दिनुपर्ने दबाब छ । लोसपाका ३ सांसद छन् । तर, ४ सांसद रहेको नागरिक उन्मुक्तिबाट मन्त्री बनाउनुपर्नेमा लुम्बिनी कांग्रेसको जोड छ।

## निर्माणाधिन......

जिल्लाका पुलहरुको निर्माण भौतिक प्रगति भन्दा बढी भुक्तानी समेत गरिएको पाइएको छ। जिल्लामा निर्माण सामाग्रीको अभाव, निर्माण व्यवसायीको ढिलासुस्ती, आवश्यक मात्रामा बजेट विनियोजन नहुनु, जटिल प्रकृतिका कार्यहरुमा दुर्गम क्षेत्रमा निर्माण सामग्रीहरु उपलब्धता नहुनु र ढुवानीमा समेत जटिलता र डिजाइन रिभ्यु र स्विकृतले समय लाग्ने समस्या देखिदै आएको कार्यालयको भनाइ छ।

जलुके-नल्सी पुल ७५ प्रतिशत काम सकिएको छ। सडक डिभिजन कार्यालयका अनुसार भुक्तानी भने ७६ प्रतिशत भएको छ । ३ वर्षमा निर्माण सक्ने लक्ष्यसहित २०७३ बैशाख ६ मा मृत सञ्जिवनी लोहनी एण्ड ब्रदर्श चितवनले ८ करोड ७१ लाख ६३ हजार रुपैयामा पुल निर्माणको ठेक्का लिएको थियो । यो पुल निर्माणको लागि पटक /पटक म्याद थपिएको छ। अन्तिम म्याद २०८१ असोज ३० सम्म छ। त्यो अवधि एक महिना छ। 'काम शुरु भएको कम्तिमा ८ महिना लाग्छ' कार्कीले भने।

२०७४ असार ९ गते सम्झौता भइ काम शुरु गरिएको माडी नदी माथीको सारी-खुङ्ग्री पुल डिजाइन मै समस्या देखिएको भन्दै निर्माण व्यवसायीले काम रोकेका छन्। यो पुल निर्माण गर्ने निर्माण व्यबसायी सम्पर्कमा नभएको सडक डिभिजन कार्यालय प्यूठानले जनाएको छ । नार्गाजुन कन्ट्रक्सन कम्पनि प्रा.ली . काठमाण्डौले १२ करोड १० लाख ५ हजारमा सम्झौता गरी काम शुरु गरेको थियो। १५ हजार जनसङ्ख्या लाभान्वित हुने पुल पटक पटक म्याद थप बाहेक थप प्रगति हुन सकेको छैन्। सडक डिभिजन कार्यालयका अनुसार पुलको सम्झौता अवधि २०८२ माघ १० सम्म रहेको छ।

पुलको डिजाइनमा समस्या देखिएपछि पुनः विचारका लागि सडक विभागमा पठाइएकोमा अस्विकृत भएपछि निर्माण व्यवसायीले काम शुरु नगरेको कार्यालयले जनाएको छ । काम शुरु भइहाल्यो भने निर्माण सम्पन्न गर्न १८ महिना लाग्ने कार्यालयको भनाइ छ।

यस्तै झिवाङ-ढुइवाङ-रस्पुरकोट जोड्ने झिमरुक नदी माथीको पुलको सपना-जयबागेश्वरी माता जे.भि. नेपालगञ्जले निर्माण थालेको हो। २०७४ पौष १४ मा १२ करोड २४ लाख ५९ हजारमा सम्झौता गरी काम शुरु गरिएको पुलको ७ वर्षमा ३६ प्रतिशत मात्र भौतिक प्रगति भएको सडक भिभिजन कार्यालय जनाएको छ । यहाका पनि पुलको डिजाइनमा समस्या देखिएको भनिएको छ । डिजाइन स्टिमेट परिवर्तन गर्नका लागि सडक विभागमा पठाइएकोमा स्विकृत भएपछि पनि निर्माण व्यवसायीले निर्माण थालनी नगरेको कार्यलयको भनाइ छ । पुलको सम्झौता अवधि समेत सकिएको छ। सडक डिभिजन कार्यालयले २०८० असार ३० गते ठेक्काको अवधि सकिएपनि निर्माण व्यवसायी सम्पर्कमा नआएको बताएको छ । निर्माण व्यवसायीको लापरबाही रहेको इञ्जिनियर कार्की बताउँछन् । जिल्लामा पुल अलपत्र हुँदा नागरिक, राजनीतिक तवरबाट सम्बन्धित कार्यालय, प्रदेश सरकार, संघ सरकारका जिम्मेवार व्यक्तिहरुसंग ध्यानाकर्षण गर्ने काम स्थानीयले गरिरहका छन्। जिल्लाका नेता कार्यालय लगायत सरोकारवाला निकायलाइ पटक पटक ध्यानकार्षण गराउदा समेत सुनुवाइ नभएको स्वर्गद्वारी नगरपालिका-७ का टेक प्रसाद भट्टराईले बताए । 'लामो समय हराएको निर्माण कम्पनि जेठमा आएर काम जुलुकेका काम सुरु गरेको थियो, भट्टराईले भने,' बर्खामा रोकिएको काम कहिले थाल्ने हो अत्तोपत्तो छैन ।' यहाँ निर्माण व्यवसायीले सामाग्री उठाउँदा स्थानीयले अवरोध समेत गरेका थिए। वर्खा सकिए लगत्तै आउने आश्वासन पछि मात्रै सामाग्री उठाउन दिइएकोमा अझै निर्माण व्यवसायी सम्पर्कमा नआएको भट्टराइले बताए।


**लक्ष्मी ट्रेडर्स**



प्यूठान न.पा ४ जुम्री प्यूठान

सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४९०९६७०
प्रो. बद्री श्रेष्ठ




हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि बीसी, एच जि पी, पाइप, पाइप फिटिङ्ग, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ्ग, पानी टंकी रंग रोगान र प्लास्टिक पेन्ट पनि पाइन्छ ।

## गाउँपालिकाबासीलाई अनुरोध

- विपदले अपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाको लागि सहयोग गरौं,
- भौगलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौ
- उद्दार,राहत , पुर्नस्थापना , पुनर्लाभ  सहभागी बनौं ।

अनुरोधक :
**नौबहिनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय बाहाने, प्यूठान**

**झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा प्रकाशित**

झुलेनी पोष्ट साप्ताहिक पत्रिकामा समाचार,सूचना,विज्ञापन,लेख,रचना पठाउनका लागि,

फोन : ०८६-५९०४३६ मा सम्पर्क गर्न सकिनेछ।
mail :jhulenipyuthan@gmail.com

## नगरपालिकाबासीलाई अनुरोध

- विपदले अपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाको लागि सहयोग गरौं,
- भौगलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौ
- उद्दार,राहत , पुर्नस्थापना , पुनर्लाभ  सहभागी बनौं ।

अनुरोधक :
**स्वर्गद्वारी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय भिंगृ, प्यूठान**

# सर्पले डस्दा महिलाको मृत्यु



**झुलेनी पोष्ट**
प्यूठान

सर्पले डस्दा प्यूठानमा एकजनाको ज्यान गएको छ । नौबहिनी गाउँपालिका ५ डामृकि ४६ वर्षीया जलसरा के.सी.को सर्पको डसाइबाट ज्यान गएको हो ।

शौचालयमा सफा गर्ने क्रममा केसीलाइ सर्पले डसेको थियो । नौबहिनीको डामृमा घर भएपनि उनिहरुको परिवार मल्लरानी गाउँपालिकाको चुजामा बस्दै आएको थियो ।

स्वर्गद्वारी नपा ९ लामाचौरमा रहेको शर्पदंश उपचार केन्द्रमा उपचारका क्रममा के.सी.को मृत्यु भएको हो ।

बेहोस अवस्थामा उपचार केन्द्रमा पुर्याइएकि केसीको उपचारमा प्रयास गरेपनि सुधार नभएको उपचार केन्द्रबाट प्रमुख हेमराज पौडेलले बताए ।

## घरपालुवा कुकुर बिरालोलाई रेविज खोप दिने बारे सूचना

**“अवरोध हटाऔं, रेबिज उन्मुल गरौं“ भन्ने विश्व रेविज दिवस २०२४ को मूल नाराका साथ सामुदायिक तथा घरपालुवा कुकुर बिरालोहरुमा रेबिज बिरुद्दको नि:शुल्क खोप तथा परामर्श सेवा यहि मिति २०८१ असोज ६ गतेदेखी १२ गतेसम्म एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय खलङगा प्यूठानको आयोजनामा संचालन भैरहेको सूचना सम्पुर्ण सरोकारवालाहरुमा जानकारी गराइन्छ । साथै यस अवसरमा सम्पुर्ण महानुभावहरुले समयमै नि:शुल्क रेबिज बिरुद्धको खोप तथा परामर्श सेवा लिई “एक स्वास्थ्य रणनिती“ एवम “रेबिज उन्मुलन अभियान २०३०“ मा टेवा पुर्याउनुहुन हार्दिक अनुरोध छ। थप जानकारिका लागि कार्यालयको सम्पर्क नं ०८६–४२०१८७ तथा सूचना अधिकारीको मो.नं ९८४७४६१३०४ मा सम्पर्क गर्न सक्नुहुन्छ ।**

प्रदेश सरकार
कृषि, तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठान**

## डेंगीका लक्षणहरु

- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा विविरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भैकारोड, (फोन :०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : हाम्रो एकता प्रकाशन गृह, जुम्री ,प्यूठान